नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशाासन शाखा )

पत्र संख्याः ०७२।७३

चलानी संख्याः १६२

मितिः २०७२/०८/१३

विषय :- **परिपत्र** ।

**श्री सबै मन्त्रालय/सचिवालय/आयोग/केन्द्रीयस्तर कार्यालय,**

प्रस्तुत विषयमा यस मन्त्रालयले देहाय बमोजिम हुने गरी नीतिगत निर्णय गरेको हुँदा सो बमोजिम हुने गरी गर्नु गराउनु हुन नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७२।०८।१० को निर्णयानुसार अनुरोध छ ।

१. निजामती सेवा ऐन (चौथो संशोधन सहित) २०४९ को दफा १८ (क) बमोजिम यस मन्त्रालय को निर्णयबाट विभिन्न मन्त्रालय/निकायका दरबन्दीमा रहेका कर्मचारीहरुलाई त्यस मन्त्रालय/निकायमा काजमा खटाइएकोमा (अस्थाई दरबन्दी र सचिवालय काज बाहेक) निजहरुलाई पदाधिकार रहेकै कार्यालय/निकायमा ७ (सात) दिन भित्र काज फिर्ता पठाई सो को जानकारी यस मन्त्रालयलाई पठाउने ।

२.निजामती कर्मचारीहरुलाई सरुवा गर्दा वा काज खटाउँदा निजामती सेवा ऐन २०४९ र नियमावली २०५० मा सरुवा तथा काज सम्वन्धी रहेका व्यवस्था प्रतिकुल नहुने गरी मात्र सरुवा गर्ने तथा काज खटाउने व्यवस्था कडाइका साथ लागु गर्ने

३. विभिन्न मन्त्रालय तथा निकायहरुमा रिक्त रहेका पदहरु र ती पद पूर्ति गर्न भएको कारवाहीको यथार्थ विवरण यस मन्त्रालयलाई यथासिघ्र उपलब्ध गराउने ।

(दिनेश सागर भुषाल)
उपसचिव

**बोधार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबाव, काठमाडौं ।